कलैया उपमहानगरपालिका

नगर कार्यपालिकाको बैठक नं.१५/०८१/८२

आज मिति २०८२।०१।०८ गते सोमबार दिउँसो १:०० बजे कलैया उपमहानगरपालिका नगर प्रमुख श्री बिनोद प्रसाद साह ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.१५/०८१/८२ (पन्द्रऔं बैठक) मा निम्नानुसारको पदाधिकारीहरुको उपस्थितिमा बैठक बसियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | बिनोद प्रसाद साह | नगर प्रमुख | | |
| २. | रौशन परविन | नगर उपप्रमुख | | |
| ३. | मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | | |
| ४. | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | | |
| ५. | मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ | | |
| ६. | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | | |
| ७. | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | | |
| ८. | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | | |
| ९. | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | | |
| १०. | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | Ranjit | |
| ११. | पुरुषेत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | | |
| १२. | महम्मद सबिर | वडा अध्यक्ष, वडा नं.१० | | |
| १३ | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | | |
| १४. | ललबाबु महतो | वडा अध्यक्ष, वडा नं.१२ | | |
| १५. | राजेश महथा खत्री | वडा अध्यक्ष, वडा नं.१३ | | |
| १६. | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | | |
| १७. | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | | |
| १८. | शेषनाथ साह तेली | वडा अध्यक्ष, वडा नं.१६ | | |
| १९. | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | | |
| २०. | धुरुप राउत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | | |
| २१. | हरिन्द्र राउत कुर्मी | वडा अध्यक्ष, वडा नं.१९ | | |
| २२. | मो.आलम पावरिया | वडा अध्यक्ष, वडा नं.२० | | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २३. | शिवबिहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | | |
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | | |
| ३५. | उदित कुमार साह कानु | कार्यपालिका सदस्य | | |
| ३६. | राजेश्वर सिंह | कार्यपालिका सदस्य | | |
| ३७. | नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | | |

बैठकमा सहयोग गर्ने कर्मचारीहरुको उपस्थिति

| क.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | शैलेश कु. महतो | प्रशासन प्रमुख | | |
| २. | महन्त ठाकुर | खरिदार (चौथो) | | |
| ३. | प्रेम कुशवाहा | का.स. | | |

**कलैया उपमहानगरपालिका**

**नगर कार्यपालिकाको बैठक नं.१५/०८१/८२ मिति २०८२।०१।०८ गतेको एजेण्डा तथा निर्णयहरु**

**छलफल गरिने विषयहरु र निर्णयहरु (Agendas and Decisions)**

**१. नवप्रवर्तन साझेदारी कोष परियोजनाको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

**निर्णय :** निर्णय :- क.उ.म.न.पा.को स्थानीय सुशासन, स्थानीय सेवा प्रवाह, स्थानीय आर्थिक विकासका क्षेत्रमा नवप्रवर्तनको माध्यमबाट नवीनतम सोच र सिर्जनशीलता प्रवर्धन गर्न प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममा व्यवस्था रहेको नवप्रवर्तन साझेदारी कोषका माध्यमबाट प्रदेश तथा स्थानीय तहको लगानीमा **स्मार्ट विद्यालय प्रवर्द्धन तथा व्यवस्थापन कार्यक्रम** परियोजनाको कुल लागत बजेट रु.२२९५००००/-(१००%) को प्रदेश सरकारले साझेदारी रकम रु. १४९१७५००/-(६५%) र कलैया उपमहानगरपालिकाको लागत साझेदारीको रकम रु.८०३२५००/-(३५%) साझेदारीमा प्रदेश सरकार संग तोकिएको अनुसूचीमा परियोजनाको अवधारणा पत्रको प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**२. नवप्रवर्तन साझेदरी कोष परियोजनाको लागि जिम्मेवार व्यक्ति (फोकल पर्सन) तोक्ने सम्बन्धमा ।**

**निर्णय :** नवप्रवर्तन साझेदरी कोष परियोजना अर्न्तगत स्मार्ट विधालय प्रवर्द्धन तथा व्यवस्थापन कार्यक्रमका लागि शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख श्री राजिव कुमार यादवलाई जिम्मेवार व्यक्ति (फोकल पर्सन) तोक्ने निर्णय गरियो ।

**३. नवप्रवर्तन साझेदारी कोष परियोजना कार्यक्रम कार्यन्वयन समिति गठन गर्ने सम्बन्धमा ।**

**निर्णय :** नगर प्रमुख ज्यूको संयोजकत्वमा तपसिल बमोजिमको ७ (सात) सदस्यीय नवप्रवर्तन साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क. नगर प्रमुख | संयोजक |
| ख. नगर उप-प्रमुख | सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. नगर प्रमुख ज्यूले तोकेको २ जना वडा अध्यक्ष | सदस्य |
| ङ. सुचना प्रविधि अधिकृत | सदस्य |
| च. परियोजना फोकल पर्सन (सम्पर्क व्यक्ति) | सदस्य |

**४. नमुना आवासको डिजाईन स्विकृत गर्ने सम्बन्धमा ।**

**निर्णय :** यस कलैया उपमहानगरपालिकाको विपन्न समुदायहरुमा आवास निर्माण कार्यक्रमको लागि शहरी गरिबी निवारण मंच, कलैया, बाराका प्राविधिकले तयार गरेका तपसिलका सम्भावित नमूना आवासको डिजाईन स्विकृत गर्ने निर्णय गरियो ।

तपसिल :

१. Bambbo House - 2 Type

२. CSEB House

**५. राजस्व अध्ययन प्रतिवेदन सम्बन्धमा ।**

**निर्णय :** राजस्व परामर्श समितिबाट पेश भएको राजस्व अध्ययन प्रतिवेदन माथी छलफल गरी स्विकृत गर्ने निर्णय गरियो ।

**६. आर्थिक सहयोगको रकम उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय :** यस उपमहानगरपालिकाका तपसिलका वडाहरुको आ.व. २०८१/०८२ को वडा स्तरिय योजनाबाट आर्थिक सहयोग शिर्षकमा विनियोजन भएको रकमवाट दिर्घ तथा कडा रोगी मृगौला फेल भएको वडा नं.२७ निवासी राजकिशोर यादवको उपचारका लागि निजको संरक्षकलाई तपसिल बमोजिमको रकम ( वडा कार्यालयको सिफारिस बमोजिम) उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल :**

१. वडा नं.२६, वडा समितिको कार्यालयको सिफारिस बमोजिम रु. १,००,०००।- अक्षरेपी रु एक लाख मात्र ।

२. वडा नं.२७, वडा समितिको कार्यालयको सिफारिस बमोजिम रु. १,००,०००।- अक्षरेपी रु एक लाख मात्र ।

**७. सामाजिक सुरक्षा योजनामा सहभागी गराउने सम्बन्धमा ।**

**निर्णय :** नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २ को खण्ड (ज) र दफा ७ ले दिएको अधिकार प्रयोग गरी योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ को नियम २ को खण्ड (घ) बमोजिमको सरकारी कोष (प्रदेश सरकार वा स्थानीय तहको संचित कोष, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, निगम, बोर्ड, प्राधिकरण, प्रतिष्ठान वा यस्तै कुनै निकायको कोष) बाट पारिश्रमिक पाउने (प्रचलित कानून बमोजिम निवृत्तभरण पाउने बाहेक) व्यक्तिलाई सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सूचिकृत गरी निजहरुले खाईपाई आएको तलबको कम्तीमा साठी प्रतिशतलाई आधारभूत तलब मानी त्यसको बिस प्रतिशत रोजगारदाताबाट र एघार प्रतिशत योगदानकर्ताको तर्फबाट जम्मा गर्नु पर्ने गरी सामाजिक सुरक्षा योजनामा सहभागी गराउने गरी मिति २०८१/१२/१५ मा निर्णय भई नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको राजपत्र भाग ५ मिति २०८२/०१/०१ गतेको सुचना प्रकाशित भएकोले सोही बमोजिम सामाजिक सुरक्षा योजनामा सहभागी गराउने निर्णय गरियो ।

**८. सामाजिक सुरक्षा कोषमा योगदानकर्ता सुचिकृत गर्ने सम्बन्धमा ।**

**निर्णय :** नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, मिनभवन, काठमाण्डौको मिति २०८१/१२/०८ गतेको सुचना बमोजिम यस उपमहानगरपालिका, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४

CamScanner

को दफा २१ अनुसार योगदानकर्ताको रुपमा सुचिकृत हुन ईच्छुक कर्मचारीहरुलाई योगदानकर्ताको खाईपाई आएको तलबको कम्तिमा साठी प्रतिशतलाई आधारभुत तलब मानी त्यसको विस प्रतिशत यस उपमहानगरपालिकाबाट र एघार प्रतिशत योगदानकर्ताको तर्फबाट कट्टा हुने गरी योगदानकर्ताको रुपमा सुचिकृत हुन आवेदन पेश गर्न सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

**९. स्वच्छ चुलो कार्यक्रमको लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँग लागत साझेदारीमा सहकार्य गर्ने सम्बन्धमा ।**

**निर्णय :** हरित जलवायु कोषको सहयोगमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट संचालित स्वच्छ चुलो कार्यक्रम (CCS) अर्न्तगत विद्युतीय चुलो (इन्डक्सन चुलो) ३०० थान र तह ३ स्तरको सुधारिएको चुलो (Improved cookstove Tier 3) ४०० थान प्रवर्द्धन गर्ने उदेश्यले वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र यस उपमहानगरपालिकाको लागत साझेदारीमा (इन्डक्सन चुलोको लागी यस उपाहानगरपालिका बाट १९.०८% र तह ३ स्तरको सुधारिएको चुलोको लागि यस उपमहानगरपालिकाबाट १५%) सहकार्य गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**१०. कलैया सिटी यूवा क्लब द्वारा आयोजित तेस्रो फुटवल प्रतियोगिताको खर्च रकम उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय :** यस उपमहानगरपालिका वडा नं.११, पिपरडारी टोलमा कलैया सिटी यूवा क्लब द्वारा आयोजना गरिएको तेस्रो पिपरडारी खुल्ला नकाउट फुटबल प्रतियोगितामा भएको खर्च वापत बढीमा रु. २०,०००।- अक्षरेपी रु. विस हजार वा खर्च विल पेश भए अनुसार आर्थिक सहायता शिर्षकबाट कलैया सिटी यूवा क्लबका अध्यक्ष श्री दिपक रामलाई उपलब्ध गराउने निर्णय गरियो ।

**११. श्री जन ज्योती आधारभुत विधालय सगरदिना, वडा नं.२२ को विवाद मुद्दामा भएको खर्च रकम उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय :** श्री जन ज्योती आधारभुत विधालय सगरदिना, वडा न २२ माथि दुर्गा चौधरीले सर्वोच्चमा निवेदन दर्ता गराई मुद्दा भएकोमा उक्त मुद्दामा पटक-पटक बहसहुदा भएको खर्च रकम श्री जन ज्योती आधारभुत विधालय सगरदिना, वडा नं.२२ का प्रधानाध्यापक श्री रामज्ञान साह तेलीलाई आर्थिक सहायता शिर्षकबाट रु. ३५,०००।- अक्षरेपी पैतिस हजार उपलब्ध गराउने निर्णय गरियो ।

**१२. फोहर व्यवस्थापन सम्बन्धि तालिम गोष्ठी जनचेतना मुलक कार्यक्रमका लागि विनियोजित बजेट सम्बन्धमा ।**

**निर्णय :** यस उपमहानगरपालिकाको आ.ब.२०८१/०८२ को नगर स्तरीय आन्तरिक श्रोतबाट फोहर व्यवस्थापन सम्बन्धि तालिम गोष्ठी जनचेतना मुलक कार्यक्रमका लागि रु. १०,०००,००।- विनियोजन भएकोमा हाल आन्तरिक श्रोतमा बजेटको अभाव रहेको र फोहर व्यवस्थापन लगायत सरसफाई सम्बन्धि कार्य समेत गराउनुपर्ने भएकोले फोहर व्यवस्थापन सम्बन्धि तालिम गोष्ठी जनचेतना मुलक कार्यक्रमका लागि रु.५,००,०००।- रकम मात्र उपलब्ध गराई तालिम, गोष्ठि संचालन गर्ने गराउने निर्णय गरियो ।

CamScanner